# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या-४९७ मितिः २०६६/३/२९

**श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय तथा यस बैंकवाट इजाजतपत्र प्राप्त "क" वर्गका वाणिज्य बैंकहरु ।**

**विषयः खाद्य पदार्थ आयातको लागि जारी हुने प्रतितपत्र सम्बन्धमा ।**

महाशय,

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभागवाट अनुरोध भई आए बमोजिम मिति २०६६ श्रावण १ गते देखि लागू हुने गरी देहाय बमोजिमको व्यबस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) सबै प्रकारका खाद्य पदार्थ आयातका लागि प्रतिपत्र जारी गर्नु अगावै नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभागवाट जारी भएको आयात अनुमति पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा लिनु पर्ने ।

(ख) खण्ड(क) बमोजिम प्रतितपत्र खोल्दा त्यस्तो अनुमति पत्रमा उल्लेख भए अनुसारको आयातकर्ता/निर्यातकर्ता, परिमाण र मूल्य सोही बमोजिम हुनु पर्ने ।

(ग) परिपत्र मितिभन्दा अगाडी जारी भएका त्यस्ता प्रतितपत्रहरुको आधारमा हुने आयातको परिमाण तथा Shipment Date प्रभावित हुने गरी प्रतितपत्र संसोधन गर्नुपरेमा समेत त्यस्तो अनुमतिपत्र अनिवार्य रुपमा लिनुपर्ने ।

(घ) प्रतितपत्र सम्वन्धी अन्य व्यवस्था यथावत रहने ।

भवदीय

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थः

१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा ।
४. नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय
   खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग :- तहाँको प.सं. २०६५।०६६ च.नं. १७९६ र १८३८ मिति २०६६।३।२१ र २०६६।३।२४ का पत्रहरुको सन्दर्भमा ।
५. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. बैंक सुपरिवेक्षण बिभाग ।
७. आन्तरिक लेखा परिक्षण विभाग ।
८. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. नेपाल उद्योग वाणिज्य महासंघ, वागमती चेम्बर, टेकु ।
१०. नेपाल उद्योग परिसंघ वागमती चेम्बर, टेकु ।
११. नेपाल चेम्बर अफ कमर्स, कान्तिपथ, काठमाडौं ।